वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

bhanjyangnews.com




वर्ष ४४ अंक १७३ | २०८२ कात्तिक १४ गते शुक्रबार, नेपाल सम्वत् ११४५ October 31, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## आस्था र विश्वासको धरोहर

तनहुँको भानु नगरपालिका-१३ मिर्लुङकोटस्थित भयेर थान मन्दिर । मनोकाङ्क्ष पुरा भएको भन्दै भक्तजनहरूले यस मन्दिरमा भाकल चढाउने तथा पूजाअर्चना गर्ने गर्छन । मिर्लुङकोट क्षेत्रका बासिन्दाले आफु तथा आफ्ना घरपरिवार, वस्तुभाऊलाई दु:खकष्ट पर्दा सम्फिएर भाकल गरी पूजाअर्चन गर्नुका साथै प्राकृतिक विपत्ति नहोस्, खेती लगाउने समयमा समयमै वर्षा होस भनि गाउँलेहरूले सामुहिक रूपमा पनि पूजाअर्चना गर्ने गर्दछन् । मन्दिरमा एकादशी, औंसी तिथि तथा साउन महिना बाहेक हरेक हप्ताको मंगलबारका दिन पूजाअर्चना गर्ने गरिन्छ ।

*तस्विर : भञ्ज्याङ*

# छिम्केश्वरी र बुढीमाई मन्दिर प्रवर्द्धनका लागि महायज्ञ : आस्था, योगदान र विकासको संगम

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको आँबुखैरेनी गाउँपालिकाको पवित्र पहाडी शिखरमा अवस्थित छिम्केश्वरी र बुढीमाई मन्दिर पछिल्ला दिनमा हजारौं भक्तजनको आकर्षणको केन्द्र बन्दै गएको छ । यहाँ अहिले पूजा–पाठ मात्र होइन, संरक्षण र विकासको बनेको यस महायज्ञमा अहिलेसम्म करिब एक करोड रूपैयाँको हाराहारीमा दान संकलन भइसकेको आयोजकले जनाएको छ ।

महायज्ञका मूल संयोजक तथा छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्णमान तामाङका अनुसार, कात्तिक १५ गतेसम्म चल्ने यस धार्मिक कार्यक्रमको लक्ष्य रू. १० करोड संकलन गर्ने राखिएको छ । उनले भने, "हाम्रो उद्देश्य मन्दिरलाई केवल पूजा गर्ने ठाउँमा सीमित नराखी, यसलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकसित गर्नु हो ।"

संकलित रकम मन्दिर क्षेत्रको स्थायी संरचना, ध्यान केन्द्र, सभाहल, विश्रामगृह, शौचालय, सरसफाइ पूर्वाधार, बाटो र पार्किङ क्षेत्र निर्माणमा प्रयोग गरिने योजना समितिले सार्वजनिक गरेको छ ।

यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि स्थानीय सरकारको साथमा धार्मिक पुनर्जागरण अभियान अगाडि बढाइएको छ । गाउँपालिका अध्यक्ष शुक्र चुमान भन्छन्, "छिम्केश्वरी र बुढीमाई केवल आस्थाका केन्द्र होइनन्, यी गाउँको आर्थिक र सांस्कृतिक मुटु हुन् । स्थानीय सरकार यस क्षेत्रलाई धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्न प्रतिबद्ध छ ।"

अध्यक्ष चुमानका अनुसार, मन्दिरको दीर्घकालीन विकासका लागि निरन्तर योजना र स्रोत संकलन दुवै आवश्यक छन्। त्यसैले अहिलेको महायज्ञलाई उनले "धार्मिक जागरणसँगै विकासको पहिलो ईँटा"का रूपमा वर्णन गरेका छन् ।

### २,१३४ मिटरको आध्यात्मिक उचाइ

समुद्र सतहदेखि २,१३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरी मन्दिरबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बुद्ध, सैपाल र अपि हिमालको मनोरम दृश्य देख्न सकिन्छ। भक्तजनहरु भन्छन्– बिहानको सुनौलो किरणमा चम्किने यी हिमश्रृंखलाबीच मन्दिरमा गरिएको दर्शन आत्मशान्तिको सर्वोच्च क्षण हुन्छ ।

### विश्वास र संस्कृति जोड्ने थलो

स्थानीय धार्मिक विश्वासअनुसार, छिम्केश्वरी देवी गोरखाको मनकामना माईकी दिदी हुन्। भक्तजनहरूका अनुसार, यहाँको दर्शनले मनोकामना पूरा हुन्छ र परिवारमा शान्ति आउँछ भन्ने जनविश्वास रहेको छ। त्यसैले बुढीमाई र छिम्केश्वरीका मेलाहरूमा तनहुँ, गोरखा, लमजुङ र चितवनसम्मका भक्तजनहरु आउने गर्छन् । महायज्ञका अवसरमा अहिले क्षेत्र नै उत्सवमय बनेको छ । बाजागाजा, भक्ति संगीत, प्रसाद वितरण र सहयोगका हातहरु निरन्तर फैलिएका छन् ।

### धार्मिक पर्यटनको नयाँ सम्भावना

छिम्केश्वरी क्षेत्र धार्मिक ठूलो अभियान पनि चलिरहेको छ ।

छिम्केश्वरी क्षेत्रको समग्र विकासका लागि आँबुखैरेनी गाउँपालिका–३ हाटबजारमा अहिले सञ्चालन भइरहेको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञले धार्मिक वातावरणमा नयाँ ऊर्जा थप्दै लगेको छ। श्रद्धा, भक्ति र योगदानको संगम

बाँकी तेश्रो पेजमा



महायज्ञमा कथा सर्वण गर्न आएका भक्तजनहरू ।

*तस्विर : भञ्ज्याङ*

# बन्दीपुर अस्पताल : बिहानदेखि बेलुकीसम्म नअडिने सेवा प्रवाह

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको ऐतिहासिक पर्यटकीय गाउँ बन्दीपुर, जहाँ पछिल्ला वर्षहरूमा स्वास्थ्य सेवा पनि पर्यटक आकर्षणसरह विस्तार हुँदै गएको छ । अब बन्दीपुरवासीका लागि अस्पताल पुग्न समयको बाध्यता छैन । बिहानको चिया अघि वा बेलुकी घर फर्किएपछि पनि स्वास्थ्य सेवा लिन सकिने वातावरण बनेको छ ।



बन्दीपुर गाउँपालिका–४ स्थित बन्दीपुर अस्पतालले स्वास्थ्य सेवा प्रणालीलाई सहज र सर्वसुलभ बनाउने उद्देश्यले गत वैशाख १ गतेदेखि सञ्चालनमा ल्याएको "विस्तारित ओपीडी सेवा" अहिले स्थानीय बासिन्दाको दैनिकीमै मिसिएको छ । विद्यालय जाने विद्यार्थीदेखि बिहानै काममा निस्किने मजदुरसम्म, बेलुकी पसल बन्द गरेपछि अस्पताल धाउने व्यापारीदेखि बिहान घरधन्दा सकेर स्वास्थ्य परीक्षणमा आउने गृहिणीसम्म सबैले आफू अनुकूलको समयमा उपचार पाउने वातावरण पाएका छन् ।

### असोजमा २ हजार बढि सेवाग्राही

अस्पतालको तथ्यांकअनुसार असोज महिनामा जम्मा २ हजार १८५ जना सेवाग्राहीले ओपीडी सेवा लिएका छन् । तीमध्ये ९३० जना (४२.५६%) ले नियमित कार्यालय समय (बिहान १० देखि दिउँसो २ बजेसम्म)मा सेवा लिएका हुन् भने १ हजार २५५ जना (५७.४४%) ले अतिरिक्त समयमा सेवा लिएका छन् । यो तथ्यांकले स्पष्ट देखाउँछ बन्दीपुरमा नियमितभन्दा अतिरिक्त समयमै बढी नागरिकले स्वास्थ्य सेवा लिने गरेका छन् । यसको अर्थ, स्वास्थ्य सेवा अब दैनिकी र पेशाको तालमेलमा ढालिएको छ ।

### हरेक दिन बिहान ७ देखि बेलुकी ८ बजेसम्म सेवा

अस्पतालले सार्वजनिक बिदा र शनिबारसमेत हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म ओपीडी सेवा सञ्चालन गर्छ । यस अवधिमा नियमित टिकट लिएर कोही बिहानै उपचारका

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# प्राकृतिक बासस्थानको संकट र हाम्रो जिम्मेवारी

हाम्रा गाउँघरको आँगनमा चराचुरुंगीको चिरबिराहट सुन्न नपाएको धेरै भइसकेको छ । कहिल्यै नसुक्ने पोखरीहरु सुक्न थालेका छन्, घरवरपर र खेतबारी घाँसे मैदान झाडीले ढाकिन थालेका छन् । खोल्सीहरु बाटोमै बन्द भएका छन् । यी दृश्यहरु सामान्य होइनन्। यी घटनाक्रमहरु अब गम्भीर संकटका संकेत हुन्, जुन हामीले वर्षौसम्म बेवास्ता गर्‍यौं । प्राकृतिक बासस्थानको संकट केवल वन्यजन्तुको समस्या होइन, यो मानव अस्तित्वकै चुनौती बन्दै गइरहेको छ । पछिल्ला दिनहरूमा देशका विभिन्न स्थानहरूमा चितुवा, बाघ, भालु, बाँदर र अन्य जंगली जनावर मानवीय बस्तिमा पसेर आक्रमण गर्ने घटनाहरु दोहोरिइरहेका छन्। यस प्रकारका घटनाहरूलाई हामीले "वन्यजन्तुको आक्रमण"को रूपमा मात्रै हेर्ने हो भने समाधान टाढा हुनेछ । जनावर बस्तीमा किन आउँदैछन ? भन्ने प्रश्न अहिले हाम्रो सामु खडा भएको छ । यसको सीधा उत्तर : उनीहरूको बासस्थान हराउँदै गएको छ। बनमाराले घाँसे मैदान नष्ट गरिरहेका छन्, पानीका स्रोत सुक्दै छन्, डोबिला पोखरी हराउँदै छन्, स-साना चराचुरुंगी समेत लोप हुँदै गएका छन्। ती साना देखिने तर महत्वपूर्ण तत्त्वहरु लोप हुँदा, पूरा जैविक प्रणाली असन्तुलित बन्दै जान्छ । साकाहारी जनावर घट्दै जाँदा, तिनलाई शिकार गर्ने माँशाहारी प्राणीहरूको आहार संकटमा पर्छ र उनीहरु बाध्य भएर बस्ती पसेका हुन्।

बन्यजन्तु बस्तीमा पसेर मानवीय क्षति हुनु भनेको हाम्रो संरक्षण रणनीतिमा गम्भीर त्रुटि हुनु हो । बासस्थान हराउनु, खोला-पोखरी सुक्नु, गोरेटो बाटो बन्द हुनु, जैविक सन्तुलन गुम्नु, यी सबै परिवर्तनहरूको अन्तिम मूल्य चुकाउनु पर्ने अवस्था अब मानिसमा आइपुगेको छ । यो संकट केवल नेपालमा मात्र होइन, अन्य देशहरूमा पनि देखिएको छ । चीनमा जंगली हात्तीहरूको लामो यात्रा, युरोपमा बासस्थान संकटसम्बन्धी प्रतिवेदनहरु, अनि हाम्रै ग्रामीण बस्तिमा रहेका पानी पोखरी सुकिसकेका छन् । सुकेका पानीपोखरीले एउटै कथा सुनाइरहेका छन्। अहिले आवश्यक छ- सचेत नागरिक, जिम्मेवार स्थानीय सरकार, र सक्रिय नीति कार्यान्वयन । स्थानीय सरकारहरूले जैविक विविधता र प्राकृतिक पूर्वाधारको संरक्षणमा थप गम्भीर हुन आवश्यक छ। बनमा पोखरी पुनःजीवित गर्नु, घाँसे मैदानको पुनःस्थापना गर्नु, डोब र डिलालाई संरक्षण गर्नु, साना खोला र खोल्सीलाई प्राकृतिक रूपमा बग्न दिनु, यस्ता कार्यहरु चुनौतीपूर्ण भए तापनि दीर्घकालीन समाधान हुन् ।

यसबाहेक, हाम्रो सामाजिक संस्कार र चलनमा पनि पुनःसंस्थापनको खाँचो छ। पहिले दशैंताका खोल्साको दायाँबायाँ गोरेटो बाटो फाँड्ने चलन हुन्थ्यो, जसले वन्यजन्तुलाई चरण क्षेत्र दिने काम गर्थ्यो। त्यो चलन अहिले हराइसकेको छ। तर त्यस्ता स्थानीय परम्परा र अनुभव पुनःजीवित गर्न सकिए, बासस्थान सुधारमा उल्लेखनीय योगदान पुग्न सक्छ । हामीसँग प्रविधिको पनि अभाव छैन। आजको दिनमा लिफ्टिङ प्रविधिबाट खोलाबाट डाँडामा पानी चढाउने व्यवस्था सम्भव छ। तर यस्ता प्रविधिको प्रयोग भौतिक विकासका लागि मात्रै सीमित नराखी वन्य प्राणीको जीवन चक्रलाई सहयोग पुर्‍याउने गरी गर्न सक्नुपर्छ । प्राकृतिक बासस्थानको संरक्षण कुनै विलासी नारा होइन। यो मानव समाजको दीर्घकालीन अस्तित्वसँग गाँसिएको विषय हो। हामीले अब पनि यी साना तर महत्वपूर्ण संरचना जोगाउन सकेनौं भने, चितुवाले आँगनका बालबालिका लैजाने घटना 'अस्वाभाविक' रहने छैन। त्यो हाम्रो विफलताको नियमित परिणाम बन्नेछ । प्राकृतिक चक्रको प्रत्येक पांग्रा - चाहे त्यो घाँस होस्, पोखरी होस् वा चराचुरुंगी-यिनको संरक्षण आजको आवश्यकता हो । जबसम्म हामी यस चक्रको प्रत्येक अंशको मूल्य बुझ्दैनौं, तबसम्म हामी सुरक्षित छैनौं । अब पनि समय छ सचिने र सच्चिने। सरकार, समुदाय, विज्ञ र प्रत्येक नागरिक मिलेर प्राकृतिक बासस्थान संरक्षणको अभियान सुरू नगरेसम्म मानव सभ्यता सुरक्षित रहन सक्दैन ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २१२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# तिहारको रमझमसंगै भैलोको समीक्षा

अहिले जेनजी विद्रोह पछि धेरैले अनुमान गरेका थिए की समाजमा रोदन र आतङ्क भएले तिहार फिका हुन्छ । अर्थात तिहारको पूर्वको रमझम् जस्तो अहिले हुँदैन । तर त्यस्तो भएन बिभिन्न सहरहरूमा भैलो खेल्दैछन् । भैलोमा त झनपछि झन वृद्धी हुँदै आएको देखिन्छ । पहिलेका दिनहरूमा एउटा गाउँमामात्र भैलो पुग्दैनथ्यो र कहिले काँही एउटा वाडको भैलो वा दुई तीनवटा गाउँ मिसिएर एउटा राम्रो भैलो बन्दथ्यो । यद्यपि त्यो भैलो वुर्जुआहरूको हुन्थ्यो र पुरानो रूढिवादी बिचारधारा पस्केर त्यसैमा रम्ने गरिनथ्यो। तर उनिहरूले त्यो भैलोको माध्यायमबाट किबदन्ती शास्त्र अनुसारको भट्याउँने गर्दथे। त्यो धेरै पहिलेदेखिको परमपरानै थियो।

तर पछि पञ्चायतिकालमा त्यो भैलो दुई भागमा बिभाजन भएको देखिन्थ्यो। एउटा प्रगतिसिल पक्ष आर्को रूढिवादी अनुसारको भैलो। तर खुलेर पञ्चायति व्यवस्थाको बिरोधमा बोल्न गारा थियो । हामिले विदेशमा भने पञ्चायती कालमा पनि प्रगतिसिल भैलो पञ्चायति व्यवस्थाको बिरूद्धमा लक्षित गरेर खेलेका हुन्थ्यौं । प्रवासमा नेपाली श्रमजीविहरूले राष्ट्रियता र जनताको अधिकार र स्वतन्त्रताको पक्षमा जनवादी भैलो व्यवस्थित रूपमा सन् १९७९ पछि खेल्ने गरिन्थ्यो ।

बरु पछि प्रवाशमा बिभिन्न संगठनहरूका आ-आफ्नै प्रकारका भैलो हुनेगर्थे । तर उनिहरूको उद्देश्य देशमा रहेको विद्धमान पञ्चायती तानाशाही व्यवस्थाको विरुद्धमा केन्द्रित हुन्थ्यो। खास गरेर वामपन्थि शक्तिहरु व्यवस्थालाई जरैदेखि फाल्ने पक्षमा थिए । उनिहरूको जोड पञ्चायती तानाशाही व्यवस्थाको बिरुद्धमा केन्द्रित हुन्थ्यो । अहिले नेपालमा बहुदलीय गणतन्त्र आएपछि बिभिन्न पार्टीहरूले आ-आफ्नै प्रकारले भैलो खेल्दैआएका छन्। कयौंले उस्तै बुर्जुवा जगमा उभिएर रूढिवादी प्रकारको भैले खेल्छन् । उनिहरूको उद्देश्य आर्थिक संकलन् गर्नु नै हुन्छ। यसो भन्दा अशान्दर्भिक नहोला की प्रयाजसो पार्टीका भैलेहरु आफ्नै पार्टीको हितका लागि सञ्चालित भएका हुन्छन् ।

यस्तै गरेर अहिलेको वर्षमा राजनैतिक पार्टीको भन्दा पनि यस्तै खाल्का कयौं संघ संस्थहरूको भैलोको बाजार देखियो। भैलो व्यापक रूपमा नै खेलेको देखियो। तर कतिपय ठाउँमा कमवेस हुनसक्छ। भैलो देशमा हाम्रो सामाजिक परमपरा हो। नेपालीहरु जहाँ भएपनि तिहारको बेलामा देउसी भैलो खेल्ने परमपरालाई भुलेका छैनन्। उनिहरूले जहाँ सम्भव हुन्छ देउसी भैलो खेल्छन्। आफ्नो समाजिक परमपराको जोगेर्ना गर्नुलाई राम्रै मान्नुपर्छ । यो पनि एउटा कला साहित्य नै हो। समाजमा यस्ता कार्यक्रमको आयोजनाले मानिस बिचको मित्रतालाई प्रघाढ गर्छ। भैलो खेल्नु खेलाउनु नेपाली समाजमा राम्रो मानिन्छ । सदियौंदेखि चल्दै आएको परमपरा पनि हो ।

तर हामीले बुझ्नै पर्ने कुरा केहो भने भैलो खेल्ने उद्देश्य के हो ?, यो अहिलेको प्रमुख बिषयबस्तु यही हो । बिभिन्न संघ संस्थाहरूले भैलोको आयोजना गर्छन्; राजनैतिक पार्टीहरूले पनि प्रत्यक्ष वा छदम् रूपमा भैलो खेलाएको पाइन्छ। अहिले हाम्रो समाजमा बालखदेखि बृद्धसम्मका मानिसहरु भैलोका छुट्टाछुट्टै टीम बनाएर भैलो खेल्दै हिंडेको देखिन्छ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा लक्षित् गरेर धेरै कम संघ संस्थाहरूले भैलो जनतामा पुर्‍याको आभाष हुन्छ। धेरैजसोले धन जुटाउने उद्देश्यले नै भैलो खेलेका हुन्छन्। तर कतिपयले भैलोद्वारा समाजमा बिद्धमान रूढिवादी र बुर्जुवा संस्कारलाई चिर्ने र त्यसको ठाउँमा प्रगतिशिल बिचारधाराको विकास गर्न जोड दिन्छन् । त्यस्तो रक्तिम परिवार वा राजमोले स्थापनाकाल देखिनै गर्दै आएको छ। जहापनि राजमो अर्थात नेकपा (मसाल) समर्थकहरु छन् त्यो ठाउँमा उनिहरूले अहिलेपनि समाजमा रहेका कु संस्कारलाई भैलोलाई अथवा अन्य कुनै चाड पर्वलाई प्रगतिसिल रूपमा ढाल्ने प्रयात्न गर्दै आएको देखिन्छ ।



**राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा लक्षित् गरेर धेरै कम संघ संस्थाहरूले भैलो जनतामा पुर्‍याको आभाष हुन्छ। धेरैजसोले धन जुटाउने उद्देश्यले नै भैलो खेलेका हुन्छन्। तर कतिपयले भैलोद्वारा समाजमा बिद्धमान रूढिवादी र बुर्जुवा संस्कारलाई चिर्ने र त्यसको ठाउँमा प्रगतिशिल बिचारधाराको विकास गर्न जोड दिन्छन् ।**

**सुरेशकुमार पाण्डे**

भनिरहनु पर्दैन् अहिले देशभित्र जेनजी विद्रोहले उठाएका मुद्दाहरु राष्ट्रिय जनमोर्चाले सडक र सदनमा पनि लगातार उठाउँदै आएको छ। देशभित्र भएको भ्रष्टाचार र अव्यवस्थित व्यवस्थालाई सुशासन र व्यवस्थित गर्न राजमोले नौलो जनवादी क्रान्तिमा जोड दिंदै आएको छ। देशमा कृषि क्रान्ति बिना हामीले भष्ट्राचारलाई नामिट पार्न गारो छ। त्यसैले देशको साशन व्यवस्थालाई सही दिशामा डोराउनका लागि राजनैतिक पार्टी पनि सही हुनुपर्छ। बिचार र व्यवहार बिचको घालमेल बिनाका खोक्रा भाषनले देशमा सुशासन आउँनसक्दैन। अहिले जेनजीको विद्रोहबाट त्यसबारे प्रष्ट भएको छ । देशमा भष्ट्राचार प्रत्येक निकायमा संस्थागत छ। जसलाई छिट्टै फ्याक्न सकिदैन। एउटा व्यक्ति बदलेर आर्को व्याक्तिलाई सरकारमा पुराएर भ्रष्टाचार सकिदैन बरु सिस्टम बदल्न सक्नुपर्छ। त्यो सिस्टम भनेको आमूलपरिवर्तन् नै हो। जो राजमोले लगातार सडक र सदनबाट पनि भन्दै आएको छ।

कलाकारहरूले पनि आफू अनुसाशित रहेर त्यो बिचारलाई संदेशको रूपमा जनतामा पुर्‍याउन भैलोको प्रयोग गरेका छन्। उनिहरूको गीत, नृत्य र भैलो भट्याउँदा पनि शब्द चयन देश र जनताको पक्षमा लक्षित गरिएका छन्। सस्तो लोकप्रियता बन्नुभन्दा बरु गहकिलो देशभक्त बन्दा यदि एक्लै भएपनि आफ्नो बिचारमा अटल रहन सक्ने शक्ति भनेको राजमो हो भन्ने कुरा अहिलेको भैलोसमेतले पुष्टि गरेको छ । कसैले खुसि भएर सय रूपिया दिएपनि उत्तिकै राम्रो व्यवहार गरिन्छ जसले दश हजार वा त्यो भन्दा बढि रूपियाँ दिन्छ। यसरी के बुझ्न सकिन्छ भने भैलोको मुख्य उद्देश्य भनेको धन संकलन गर्न मात्र होइन बरु आफ्नो सही बिचार जनतासम्म पुर्‍याउनु हो।

राजमोले एक्लै पनि संघीयताको जोडदार बिरोध गर्दै आएको छ। यद्यपि संघीयता जवर्जन् देशको संवैधानिक अंग बनाइएको छ। जसलाई राजमोले लगातार बिरोध गर्दै जनतामा संघीयताको परिणाम बताउँदै आएको छ। अहिले लगभग देशलाई संघीयताले नाङ्झार पारेको सबैलाई थाहा भैसकेको छ। अहिलेको तिहारमा पनि देशको भिषण परिस्थितिमा पनि राजमो निकट भैलोले त्यसको निडर रूपमा बिरोध र भण्डाफोर्ड गर्यो ।

आखिर यो राष्ट्रिय चिन्ता बोकेको जिम्मेवार पार्टीले गर्नैपर्ने काम हो। जो देशलाई फाइदा छैन जस्बाट ठुलो नोक्सान भएको छ त्यसबारे जनतालाई बताउने राजनैतिक पार्टी वा संघसंस्थाको नैतिक कर्तव्य हुन्छ। त्यस माइनेमा राजमो खरा उत्रिएको छ भन्न सकिन्छ। राजमोले भैलोबाट आएको रकमपनि देश र जनताको हितमा खर्च गर्दै आएकोले पनि यसलाई जनवादी भैलो भनेर भन्नुपर्छ। अहिले धेरैजसो संघ संस्थाले भैलोको माध्यायमबाट कुनै समाज विकासका कार्यक्रमहरु अगाडी सार्नुभन्दा पनि उस्तै ढले ढलेका गीतहरूबाट त्यही बिकृती बिचारधाराको प्रचार गर्दै आएका छन्।

असलमा समाजमा रहेको गलत व्यवहार र बिचारको बिरुद्धमा आवाज उठाउँनु अहिलेको आवश्याकता हो। देशको अवस्था अत्यान्तै तरल छ। देशको सार्भौमसत्ता जनप्रतिनिधिको हातमा छैन्। अहिले भष्ट्राचारले सिमाना नागेपछि देशभित्र जेनजी पुस्ताले विद्रोह गरेर सत्ता ढालेको अवस्था छ। तर जसरी उनिहरूलाई अन्य आइएनजीओ र एनजिओले प्रयोग गरिरहेका छन् त्यो हिसाबले देश अँझैपनि कहाँ पुग्नेहो त्यसबारे केही भन्न सकिदैन । अझै पनि अनिश्चित छ। यस्तो कहालिलाग्दो अबस्थामा पनि उनै बुर्जुआ र रूढिवादी रटानका बिचार जनतामा पस्किनु भनेको गैरजिम्दाराना व्यवहारनै हुनसक्छ। एउटा असल राजनीतिक पार्टी वा संघ संस्थाले देशको हितमा कार्यक्रम अगाडी सार्नुपर्छ र यो सबै राजनैतिक पार्टीहरूको नैतिक अर्तव्य हुनुपर्छ।

देशभित्र सबैजसो ठुला राजनीतिक पार्टीको भष्ट्राचारी व्यवहारले गर्दा उनिहरूलाई यतिवेला पाखा लगाएको अबस्थामा पनि सच्चिनुको सट्टा झन उस्तै मार्गमा लम्किरहनु भनेको झनै जनाआक्रोशलाई बढाउनु हो। अब जनताले पनि बुझुसकेका छन्। देशमा भष्ट्राचार मुक्त सु व्यवस्थाको लागि आवाज उठेको वेला त्यो भन्दा पनि जनताको आक्रोशले राजनीति पार्टीहरूलाई साशन व्यवस्थाबाट किनारा लगाएको अवस्थामा पनि सदबुद्धि पलाएन भने देशमा आर्को बिस्फोट हुनसक्छ भन्नेबारेमा पनि बुझ्नुपर्द छ। तर कुन्नि किनहो हाम्रो समाज शिक्षा लिनुको सट्टा जतिपटक ठोकिन्छ उत्तिपटक फेरि पनि ठोकिन जान्छ ।

## तपाईंको आज

**मेष**
मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । पेसा तथा व्यापारमा पनि राम्रै फाइदा हुनेछ ।

**वृष**
धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ ।

**मिथुन**
उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ ।

**कर्कट**
व्यवसायको सन्दर्भमा यात्रा हुनेछ । काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ ।

**सिंह**
शत्रु र रोगबाट भने सजग रहनुपर्ला। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

**कन्य**
गुरूजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**तुला**
आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्‍याउनु होला। ढिलासुस्ती गर्ने बानीले पनि समस्या निम्त्याउनेछ ।

**वृश्चिक**
विगतका कर्मको उचित प्रतिफल पाइनेछ । प्रशस्त धन आर्जन गर्ने मौका छ ।

**धनु**
बुद्धिको उपयोगले केही काम बनाउन सकिनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला ।

**मकर**
अवसर प्राप्त भए पनि चुनौतीसँग जुध्नुपर्ने समय छ। मिहिनेतले केही काम गर्न सकिनेछ।

**कुम्भ**
अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आफ्नो मिहिनेतबाट अरूले फाइदा लिन सक्छन्, सजग रहनुहोला ।

**मीन**
सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम पनि बन्नेछ ।



## बाक्लो हिमपात र पृष्ठभूमिमा झारकोट गाउँ

झारकोट क्षेत्रमा बक्लो हिउँ मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ आसपासका क्षेत्रमा परेको बाक्लो हिमपात र पृष्ठभूमिमा झारकोट गाउँ । सोमबार रातिदेखि परेको भारी हिमपात कारणले बिहीबारसम्म पनि परिरहँदा मुस्ताङको जनजीवन अस्तव्यस्त छ।
*तस्बिरः सुशीलबाबु थकाली/रासस*

# बन्दीपुर अस्पताल : ......

लागि आउँछन् भने कोही बेलुकी खेतबारीबाट फर्किएपछि अस्पताल धाउने गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अनिल गिरीले बताए ।

डा. गिरी भन्छन्, "हामीले सेवा समय विस्तार गरेपछि गाउँकै बासिन्दाले बिहान–बेलुकी जस्तोसुकै समयमा सेवा पाउने वातावरण बनेको छ । असोजमा धेरै सार्वजनिक बिदा भएकाले नियमित समयभन्दा बढी सेवाग्राही अतिरिक्त समयमा आएका हुन् ।"

**सेवाग्राहीको सहजतालाई प्राथमिकता**

बन्दीपुर अस्पतालको विस्तारित सेवा ग्रामीण समुदायका लागि राहत सरह बनेको छ । बिहान ७ बजेदेखि नै ओपीडी खुल्दा काममा जाने मजदुर र विद्यार्थी वर्गका लागि सहजता भएको छ । त्यस्तै, बेलुकी ८ बजेसम्म सेवा निरन्तर रहेकाले दिनभर व्यापार गर्ने व्यवसायी र गृहिणी वर्गले पनि स्वास्थ्य परीक्षणका लागि समय निकाल्न सक्ने भएका छन् ।

**स्वास्थ्य सेवाको नयाँ अभ्यास**

पहिले कार्यालय समयमै पुग्न नसक्नेले उपचार ढिलो गर्नुपर्ने वा सानो समस्याले ठूलो रूप लिने स्थिति हुने गर्थ्यो । तर अहिले बन्दीपुरमा त्यो समस्या छैन । अस्तालका डा. गिरीले भने, "अस्पताल खुल्ने समय बढेसँगै सेवाग्राही सन्तुष्टि उल्लेखनीय रूपमा बढेको छ ।"

बन्दीपुर अस्पतालको यो अभ्यास ग्रामीण तहमा 'स्मार्ट स्वास्थ्य सेवा' को सफल उदाहरण बन्दै गएको छ । जनताको स्वास्थ्य पहुँच विस्तार गर्ने अभियानमा यो कदमले गाउँपालिकालाई नयाँ पहिचान दिलाएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बहादुर थापा बताउँछन् ।

उनले भने, "गाउँपालिकाले सर्वसाधारणको आधारभूत आवश्यकतालाई पहिचान गरी सेवा प्रवाहलाई सहज बनाउँदै लगेको छ । यही अन्तर्गत अहिले बन्दीपुर अस्पतालले सेवालाई सहज बनाएको छ भने वडावडाका स्वास्थ्य संस्थाहरूमा पनि सेवा विस्तार गर्दै लगिएको छ ।"

# छिम्केश्वरी र बुढीमाई मन्दिर ..............

श्रद्धासँगै आर्थिक र पर्यटनिक दृष्टिले पनि सम्भावनाको उचाइमा पुगेको छ । समितिले फूल तालिम केन्द्र स्थापना, भक्तजनको आवागमन सहज बनाउने, सरसफाइ सुधार र पूर्वाधार विस्तारलाई प्राथमिक योजना बनाएको छ । यो महायज्ञले छिम्केश्वरी र बुढीमाईलाई श्रद्धा मात्र होइन, विकासको शिखरमा पुर्‍याउने स्थानीयले विश्वास गरेका छन् ।

**एक करोड दान संकलन**

आँबुखैरेनी गाउँपालिका-५ स्थित छिम्केश्वरी र बुढीमाई मन्दिरको बृहत विकास र संरक्षण एवं धार्मिक पर्यटन प्रवर्द्धनका लागि सञ्चालन भइरहेको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञमा विहीबारसम्म करिब एक करोड रूपैयाँ दान संकलन भएको बताइएको छ ।

महायज्ञ मूल समारोह समितिका संयोजक तथा छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्णमान तामाङका अनुसार कात्तिक १५ गतेसम्म सञ्चालन हुने महायज्ञमा संकलित रकम मन्दिर क्षेत्रका स्थायी संरचना, ध्यान केन्द्र, सभाहल, विश्रामगृह, शौचालय, सरसफाइ पूर्वाधार, बाटो र पार्किङ निर्माणमा खर्च गरिने छ ।

महाभारत पर्वत श्रृंखलाको २१३४ मिटर उचाइमा अवस्थित मन्दिर क्षेत्रको समग्र विकासका लागि आयोजित उक्त महायज्ञमा वाचन प्रविण पण्डित श्री दिनबन्धु पोखरेलले श्रीमद्भागवत वाचन गरेका छन् । महायज्ञ अवधिभर पितृ उद्धार, वैदिक कर्म, धान्याञ्चल, तुलादान, विवाह–ब्रतबन्ध, ग्रहशान्ति पूजन लगायतका धार्मिक कार्यहरु गरिने भएको छ ।

त्यस्तै तामा, पित्तल, ढोलक, अन्न, खाद्यान्न तथा अन्य धार्मिक सामग्रीको दान पनि स्वीकार गरिनेछ । आयोजकहरूले यस महायज्ञले छिम्केश्वरी–बुढीदेवी मन्दिर क्षेत्रको धार्मिक, सांस्कृतिक र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुर्‍याउने विश्वास व्यक्त गरेका छन् ।

# सन् २०३० भित्र चन्द्रमामा मानव पठाउने चीनको लक्ष्य

रासस/एपी/चीन

चीनले बिहीबार सन् २०३० सम्ममा आफ्ना अन्तरिक्ष यात्रीहरूलाई चन्द्रमाको सतहमा अवतरण गराउने योजनालाई तीव्ररूपमा अघि बढाइरहेको घोषणा गरेको छ । यो लक्ष्य चीनको दीर्घकालीन उद्देश्य– अन्तरिक्ष अन्वेषणमा विश्व नेतृत्व हासिल गर्नेको महत्त्वपूर्ण हिस्सा हो। चाइना म्यान्ड स्पेस प्रोग्रामका प्रवक्ता झाङ जिङबोका अनुसार हाल चन्द्रमामा मानव अवतरणसम्बन्धी अनुसन्धान तथा विकासका सबै परियोजनाहरु सुचारू रूपमा अघि बढिरहेका छन्। उहाँले लङ मार्च–१० रकेट, चन्द्र अवतरण पोसाक र अन्वेषण सवारी निर्माणलाई यस दिशामा 'फलदायी उपलब्धि' का रूपमा वर्णन गर्नुभयो । झाङले भन्नुभयो, "सन् २०३० सम्ममा चन्द्रमामा व्यक्ति पठाउने हाम्रो लक्ष्य अटल र स्पष्ट छ ।"

यो घोषणासँगै चीनले आफ्नो तियाङ्गोङ अन्तरिक्ष स्टेसनमा पठाउन लागेको नयाँ अन्तरिक्ष यात्री टोलीको परिचय पनि गराएको छ। यो मिसन चीनको बढ्दो अन्तरिक्ष क्षमताको अर्को महत्त्वपूर्ण चरण हो । नयाँ चालक दलमा झाङ लु, वु फेइ र झाङ होङझाङ रहनुभएको छ। उहाँहरु आगामी शुक्रबार राति ११:४४ बजे जियुक्वान प्रक्षेपण केन्द्रबाट प्रस्थान गर्नुहुनेछ ।

झाङ लुले यसअघि सेन्झाउ–१५ मिसनमा सहभागिता जनाइसक्नुभएको थियो भने वु फेइ र झाङ होङझाङका लागि यो पहिलो अन्तरिक्ष यात्रा हुनेछ। उहाँहरूले तियाङ्गोङ अन्तरिक्ष स्टेसनमा पुगेर करिब छ महिनासम्म अनुसन्धान गर्ने योजना छ। यो यात्रामा अन्तरिक्ष यात्रीहरूले दुई नर र दुई पोथीसहित चारवटा मुसा पनि साथ लैजानेछन् । यी जनावरहरूमा भारहीनता र सीमित वातावरणको प्रभाव अध्ययन गरिनेछ, जसले भविष्यको दीर्घकालीन अन्तरिक्ष यात्रामा जैविक अनुसन्धानका लागि मूल्यवान् जानकारी प्रदान गर्नेछ ।

चीनले सन् २०११ मा अमेरिकी प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट अलग भएपछि आफ्नै तियाङ्गोङ, अर्थात् 'हेभनली प्यालेस', नामक अन्तरिक्ष स्टेसन निर्माणको काम सुरू गरेको थियो । उक्त कार्यक्रम पिपुल्स लिबरेसन आर्मीको प्रत्यक्ष प्राविधिक समन्वयमा सञ्चालन भइरहेको छ, जसले अमेरिकामा राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ता पैदा गरेको छ।

तियाङ्गोङ अहिले पूर्णरूपमा सञ्चालनमा छ र चीनले यसलाई पृथ्वीको कक्षामा दीर्घकालीन वैज्ञानिक प्रयोगशाला बनाउने लक्ष्य लिएको छ। प्रत्येक नयाँ टोलीले त्यहाँ सूक्ष्म गुरुत्वाकर्षण, जैविक अनुकूलन र प्राविधिक परीक्षणमा अनुसन्धान गर्छ। विश्लेषकहरूका अनुसार चीनको सन् २०३० लक्ष्य विश्वका अन्य अन्तरिक्ष शक्तिहरु अमेरिका र रूससँगको प्रतिस्पर्धामा निर्णायक कदम हुनेछ । यदि सबै योजना सफल भए चीन सो समयसम्म चन्द्रमामा मानव अवतरण गराउने दोस्रो देशका रूपमा स्थापित हुनेछ ।




## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि विहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००–३:००) अपरेशन सेवा: सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००–३:००)

**अपरेशन सेवा: सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ
**पुनश्च:** शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन
**प्रदेश अस्पताल दमौली, तनहुँ**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबार:** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक–क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**पाक्यो धान** : तनहुँको व्यास नगरपालिका-५ स्थित साँगेफाँटमा पाकेर पँहेलपुर देखिएको धानबाली । यहाँका किसानहरु अहिले धान काट्ने चटारोमा रहेपनि बेमौसमी वर्षाका कारण पाकेको धानखेतीमा क्षति पुऱ्याउने चिन्तामा छन् । *तस्बिर : सागर गिरी/रासस*

facebook twitter



**Nilamber Acharya**
x.com/nilacharya

भोलि के होला ?
घटना कसरी बढ्लान ?
नागरिकको ज्यूधन र सार्वजनिक सम्पत्तिको सुरक्षाको दिगो सुनिश्चितता कसरी होला ?
त्रासको स्थिति नहुने उपाय के होला ?
स्वच्छ, सक्षम, विश्वसनीय र उत्तरदायी शासन कसरी बसाइएला ?
हरेकले यस्तो र यसरी हुनुपर्छ भन्नुपर्ने मोडमा हामी आइपुगेका छौँ ।
शुभ होस्



**सिर्जु शाह**
x.com/srijushah

आँशुले बोलेका प्रत्येक भाषाहरू शब्दमा उतार्न मिल्ने भए? मौनतामा चिच्याएक हरेक चिच्याहटहरू पानामा लेख्न मिल्ने भए र हरेक महशुश भएका भावहरू पोखाउन मिल्ने भए सायद आँशुको भाषा र मौनताको कुनै अर्थ हुने थिएन ।त्यसैले हामीलाई लाग्छ कतै भगवान छन् उनले आँशु र मौनता चुपचाप बुझिदिन्छन ।

# पर्वतकी रानी हिउँ चितुवा संरक्षणको प्रयास

**कृष्ण अधिकारी**/काठमाडौं

यसै साता (अक्टोबर २३) विश्वका धेरै देशमा 'मौन संरक्षकको सुरक्षा गर्दै' भन्ने नाराका साथ हिउँ चितुवा दिवस मनाइयो । अघिल्लो वर्ष 'भावी पुस्ताका लागि हिउँ चितुवाको वासस्थानको सुरक्षा' भन्ने नारा तय गरिएको थियो । यसले हिउँ चितुवाको वासस्थान उच्च जोखिममा रहेको तथ्यलाई विश्वव्यापी रूपमै स्वीकार गरिएको छ भने यसको संरक्षणका लागि स्थानीय समुदायदेखि सरोकारवाला निकायले संरक्षकको सुरक्षामा ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिएको छ ।

यतिबेला मनाङ, मुस्ताङमा प्रशस्त पर्यटक त्यहाँको प्राकृतिक सौन्दर्यताको अवलोकन गर्न गएको समाचार आइरहँदा ती क्षेत्र हिउँ चितुवाको बासस्थान पनि हो भन्ने कुरा धेरैलाई थाहा नहुँन सक्छ । हिउँ चितुवालाई पर्यटकीय क्रियाकलापसँग जोड्न सकिएमा यसले स्थानीय वासिन्दाको जीविकोपार्जनमा टेवा पुग्दछ । जसरी चितवनको सौराहामा एकसिङ्गे गैंडा, हात्तीलगायतका जनावर पर्यटकको आकर्षण बनेका छन्, त्यसरी नै हिउँ चितुवा हेर्न पनि पर्यटक जाने वातावरण बनाउन सकिन्छ ।

नेपालमा झण्डै ३० हजार वर्ग किमि क्षेत्र हिउँ चितुवाका लागि उपयुक्त रहेको मानिन्छ । हिउँ चितुवा पाइएको क्षेत्रमध्ये ५८ प्रतिशत संरक्षित क्षेत्र रहेको छ भने ४२ प्रतिशत निकुञ्ज बाहिर रहेको छ । हिउँ चितुवाको संरक्षण एक निकुञ्ज र संरक्षित क्षेत्रमा मात्रै काम गरेर हुँदैन । समुद्री सतहबाट २,७०० देखि पाँच हजार ६०० मिटर उचाइमा पाइने यो जनावर नेपालसहित अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हिउँ चितुवाको संख्या ३९७ रहेको छ भने विश्वमा करिब चार हजारदेखि छ हजार ५०० को संख्यामा रहेको अनुमान गरिन्छ । विश्वको कूल दुई प्रतिशत हिउँचितुवाको बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँ चितुवा रहेको बताइन्छ । विश्वभरिका चिडियाघरमा करिब ६०० वटा हिउँ चितुवा रहेको बताइन्छ । स्वच्छ हिमाली पर्यावरणको सूचक मानिने हिउँ चितुवा एक दुर्लभ र अति सुन्दर वन्यजन्तु हो, जसलाई "पर्वतको भूत" भनेर पनि चिनिन्छ । यसको लुकिचोरी बस्ने र अत्यन्तै सतर्क र छिपाउने क्षमतायुक्त स्वभाव भएको हुनाले नै कतिपयले यसलाई पर्वतको भूत भन्ने गरेका हुन् । नेपालमा यसको मुख्य बासस्थानमा मुस्ताङ, मनाङ, मुगु, हुम्ला, डोल्पा, रसुवा, सोलुखुम्बु र ताप्लेजुङ जिल्लाको प्रायः तीन हजारदेखि पाँच हजार ५०० मिटर उचाइसम्मका चट्टानी र बर्फिला क्षेत्रमा पाइन्छ । हिमाली समुदायमा हिउँ चितुवालाई स्थानीय देवताको पाल्तु जनावरको रूपमा लिने भएकोले यसको सांस्कृतिक महत्व रहेको बुझ्न सकिन्छ ।

एक्लै बस्ने स्वभाव रहेको यस जनावरको मुख्य आहार नाउर, झारल, कस्तुरी मृग, फ्याउ मूसो, हिमाली खरायो, डाँफे आदि रहेको छ। हिमालको रक्षकको रूपमा पनि लिने गरिने हिउँ चितुवा उच्च हिमाली क्षेत्रको स्वस्थ्य पारिस्थितिकीय प्रणालीको महत्वपूर्ण हिस्साको रूपमा लिने गरिन्छ । पछिल्लो समय जलवायु परिवर्तन एवं मानव-वन्यजन्तु बीचको द्वन्द्वका कारण हिउँ चितुवाको वासस्थानमा प्रभाव र आहाराको अभाव हुँदा यसको संख्यामा कमी आउँदा पर्या-प्रणालीमा असर देखिन थालेको छ। वासस्थानको गुणस्तर र आहारा प्रजातिमा कमी आउनु नै हिउँ चितुवाको संरक्षणको मुख्य चुनौती रहेको छ । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा बढी असर पुऱ्याएको र यसको प्रभावले हिउँ चितुवाको वासस्थानमा ह्रास आएको छ ।

हिमाली क्षेत्रमा हिमरेखा (वृक्षरेखा) माथितिर सरिरहँदा हिउँ चितुवाको वासस्थान मानिएको क्षेत्र साँघुरिँदै गएको छ । यसले गर्दा एकातिर हिउँ चितुवाले जलवायु शरणस्थलको रूपमा माथितिर विस्थापित हुनुपर्नेछ भने अर्कोतिर यदाकदा अन्य जनावरजस्तै चितुवासँग पनि आहाराका लागि संघर्ष गर्नुपर्ने भएको छ । नाउर, झारलजस्ता आफ्नो आहारा खोज्दै तल झर्दा तिनको सङ्ख्या घट्न गएकाले चरनमा रहेका वा बस्तीमा पसेर भेडाबाख्रा वा अन्य घरपालुवा जनावरलाई मार्ने क्रम बढ्न थालेको छ । यसले गर्दा किसानले हिउँ चितुवालाई पासो लगाउने, विष राख्ने हुँदा पनि यसको अस्तित्व सङ्कटमा परेको छ । यसरी जलवायु परिवर्तनसँगै मानिस र हिउँ चितुवाबीचको द्वन्द्व बढ्दै गएको छ। हिउँ चितुवा एकै स्थानमा रहन्छ भन्ने पनि हुँदैन । जीपीएस स्याटेलाइट अध्ययनले नेपालको कञ्चनजङ्घामा रेडियो कलर गरिएको हिउँ चितुवा भुटानमा फेला परेको थियो । हिमाली श्रृङ्खलामा जोडिएका सिमावर्ती भारत, तिब्बतमा पनि सहजै जानसक्ने हुँदा यसको संरक्षणमा त्रिदेशीय सहकार्य र समन्वय हुन आवश्यक छ । हिउँ चितुवा हिमाली संस्कृति र धर्मसँग पनि जोडिएको हुनाले यसको संरक्षणलाई जनताको आर्थिक पक्षसँग जोड्नुपर्छ ।

**संरक्षणमा राष्ट्रिय प्रयास**

जलवायु परिवर्तनका कारण उच्च हिमाली क्षेत्रमा बढी असर पुऱ्याएपछि वासस्थान नष्ट हुने क्रमसँगै यसको अस्तित्व सङ्कटमा परेको छ । वासस्थानमा आएको ह्रासले यसको आहारा प्रजातिमा कमी आएको छ । हिउँ चितुवा संरक्षणमा देखिएका मुख्य चुनौतीमा मानव र वन्यजन्तुबीचको द्वन्द्वलगायत वासस्थानको ह्रास, आहारका लागि शिकार प्रजातिको कमी, चोरी शिकार, गैरकानुनी व्यापार र प्रतिशोधात्मक द्वन्द्वलाई मानिन्छ। अतः यी चुनौतिको न्यूनीकरणका लागि सरकार र विभिन्न संघसंस्थाको पहलमा संरक्षणका कार्यक्रम सञ्चालन गरिएका छन् । यस अनुरूप राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) अन्तर्गत यसका आयोजना क्षेत्रमा हिउँ चितुवाको क्यामेरा ट्र्याप अनुगमन, परभक्षी प्रतिरोधक गोठ निर्माण, गोठाला शिक्षा लगायतका क्रियाकलाप गरेको पाइन्छ भने नेपाल सरकार र विश्व वन्यजन्तु कोषबाट कञ्चनजंघा संरक्षण क्षेत्रमा समुदायमा आधारित पशुधन बीमा कार्यक्रम, कञ्चनजङ्घा संरक्षण क्षेत्र र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा जीपीएस स्याटेलाइटबाट हिउँ चितुवाको वैज्ञानिक अध्ययन् अनुसन्धान भएका छन् । यसदेखि बाहेक मनाङ र डोल्पामा हिउँ चितुवा लक्षित पर्यटन कार्यक्रम पनि सञ्चालनमा रहेका छन् । यसैगरी, समुदायमा आधारित हिउँ चितुवा संरक्षण परियोजना (सिबिएसएलसिपी) मार्फत मुस्ताङ र ताप्लेजुङका विभिन्न समुदाय र विद्यालयमा हिउँ चितुवा लक्षित संरक्षण शिक्षा र चेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् ।

**स्थानीय पाठ्यक्रममा हिउँ चितुवा संरक्षण शिक्षा**

हिउँ चितुवाको महत्वपूर्ण वासस्थान क्षेत्र रहेका नेपालका दुई जिल्ला मुस्ताङ र ताप्लेजुङले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा हिउँ चितुवासम्बन्धी विषयवस्तु समावेश गरेका छन् । मुस्ताङमा घरपझोङ गाउँपालिकाको सक्रियता र टेका समूह नेपालको पहलमा तथा ताप्लेजुङमा फक्तालुङ गाउँपालिका आफैँले स्थानीय पाठ्यक्रम निर्माण गरी हिउँ चितुवाका सन्दर्भ समावेश गरेको छ । सिबिएसएलसिपीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँगको सहकार्यमा हिउँ चितुवा संरक्षण शिक्षाका कक्षा ६, ७ र ८ का विद्यार्थीलाई लक्षित गरी तीनवटा सन्दर्भ पुस्तक तयार गरेको हो । यसको प्रभावकारितालाई मूल्याङ्कन गरी कक्षा ९ देखि १२ सम्म पनि यसलाई निरन्तरता दिनसके यसको समावेश गर्नसके हिउँ चितुवा संरक्षणको संस्थागत दिगो विकास हुने देखिन्छ । कुनै स्थान विशेषका पाठ्यक्रममा मात्र नभएर राष्ट्रिय स्तरबाटै विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममा समेत हिउँ चितुवालगायत संरक्षित वन्यजन्तुसम्बन्धी विषयवस्तु समावेश गर्नु आवश्यक छ ।

**हिउँ चितुवा संरक्षण राष्ट्रिय कार्ययोजना र स्थानीय सहभागिता**

नेपाल सरकारले डब्लुडब्लुएफ नेपालको सहयोगमा हिउँ चितुवा संरक्षण राष्ट्रिय कार्ययोजना (सन् २०२४-२०३०) कार्यान्वयनमा ल्याएको छ । यस कार्ययोजनाले हिउँ चितुवा जस्तो अद्वितीय प्रजाति र यसको सम्पूर्ण पारिस्थितिक प्रणालीको संरक्षणका लागि मार्गदर्शन गरेको छ । यसमा हिउँ चितुवाको वैज्ञानिक अध्ययनदेखि वासस्थान, पारिस्थितिकी र जैविक मार्गको सुधार, हिउँ चितुवा र समुदायबीचको द्वन्द्व न्यूनीकरण, वन्यजन्तु अपराध र व्यापार नियन्त्रण एवं राष्ट्रिय, क्षेत्रीय तथा अन्तरराष्ट्रिय सहकार्यलाई सुदृढ बनाउने र स्थानीय समुदायको सहभागिता बढाउने उद्देश्य राखिएको छ । स्थानीय समुदायको संलग्नता र सहभागिता बिना कुनै पनि संरक्षणको प्रयास सम्भव हुँदैनन् भन्ने विभिन्न अध्ययन र अभ्यासले पनि प्रष्ट भएको छ । हिउँ चितुवा संरक्षण र प्रवर्द्धनका लागि समुदाय नेतृत्वमा आधारित आमा समूहको परिचालन एवं नागरिक वैज्ञानिक तयार गरी तिनको परिचालन गर्ने काम केही स्थानमा भएका छन् । यस्ता कार्यक्रम अन्य हिउँ चितुवा वासस्थान क्षेत्रहरूमा बिस्तार गरिदै लगिनु आवश्यक छ ।

हिमाली पारिस्थितिक प्रणाली सन्तुलन कायम राख्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने र हिमाली समुदायको सास्कृतिक, सामाजिक तथा आर्थिक पक्षसँग सम्बन्ध राख्ने महत्व राख्ने जीव भएको हुनाले हिउँ चितुवा संरक्षणमा हामी सबैको चासो जानु जरूरी छ । अतः हाम्रा भविष्यका सन्ततिका लागि यसको दिगो संरक्षण तथा व्यवस्थापन हुनु अपरिहार्य छ । यसका लागि हिउँ चितुवामाथि थप अनुसन्धान तथा जनचेतना अभिवृद्धिमूलक कार्यक्रमलाई बढावा दिनुपर्ने देखिन्छ । रासस

# 'दाता'को सहयोगले गौ संरक्षण केन्द्र सञ्चालनमा सहज

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा छाडा गाई रेखदेखका लागि गौ संरक्षण केन्द्र सञ्चालन गरिएको छ। यो केन्द्र विसं २०७६ देखि यहाँको व्यास नगरपालिका-१० दुम्सीमा सञ्चालनमा छ । जथाभावी गाई छाडिदिँदा दुर्घटना बढ्ने र फोहर हुने क्रम बढेपछि व्यास नगरपालिकाले यो केन्द्र स्थापना गरेको हो, तर यसको व्यवस्थापनमा भने विभिन्न संघसंस्था तथा व्यक्तिहरूको सहयोग महत्त्वपूर्ण छ ।

गौ संरक्षण समितिका अध्यक्ष तुल्सीराम सापकोटाले संरक्षण चरण गरी तीन सय रोपनी जग्गा केन्द्र सञ्चालनका लागि संरक्षण गरेका छौ । केन्द्र स्थापना भएपछि विभिन्न ठाउँबाट गाई ल्याइन क्रम बढेको छ ।"

गाईले दूध दिन छाडेपछि गाईलाई कहाँ लैजाने भनेर समस्यामा मानिस यसबाट लाभान्वित भइरहेका छन् । संरक्षण केन्द्रमा रहेका गाईहरू मरेपछि पनि त्यसको उपयोग गर्नेबारे योजना बनिरहेको संरक्षण समितिले जनाएको छ । "गाई मरेपछि केन्द्र आसपास रहेका गिद्धहरुको आहारका रूपमा प्रयोग गरिएको छ । छाला काडेर राखिदिन्छौँ,



केन्द्रमा हाल १५० भन्दा बढी गाई रहेका र यसको व्यवस्थापन जन्मदिन, वैवाहिक वर्षगाँठको अवसर पारेर व्यक्ति तथा संस्थाहरूले दिने सहयोगबाट हुँदै आएका बताए । दानी व्यक्ति तथा संघसंस्थाले विविध अवसर पारेर सहयोग गर्दा केन्द्र सञ्चालनमा सहज भइरहेको उनको भनाइ छ।

नगरपालिकाले तत्कालीन वडाध्यक्षसमेत रहेका सापकोटाको संयोजकत्वमा अध्ययन समिति गठन गरेर केन्द्र स्थापनाको प्रारम्भ गरेको थियो । मादी नदी किनारमा रहेको तीन सय रोपनी सार्वजनिक जग्गालाई तारबार गरेर केन्द्र सञ्चालनमा ल्याइएको छ ।

समितिका अध्यक्ष सापकोटाले भने, "त्यतिखेर तीन सय रोपनी तारबार गर्ने सामर्थ्य पनि थिएन । प्रत्येक वर्षको बजेटबाट विभिन्न गिद्ध आएर खान्छन् । हड्डीलाई खाल्डो खनेर पुर्ने गरेका छौँ । अब भने हड्डीबाट पनि आम्दानी लिने सोचका साथ अगाडि बढेका छौँ, त्यसका लागि उपकरण खरिद गर्ने तयारी छ", सापकोटाले भने।

यही स्थानबाट दमौली बजारमा उत्पादित हुने कुहिने फोहरबाट बायोग्याससमेत उत्पादन गर्ने गरिरहेको छ । गाईको संरक्षणका साथै फोहर व्यवस्थापनरबाट ग्यास उत्पादन गरिएको अध्यक्ष सापकोटाले जानकारी दिए । संरक्षण केन्द्र व्यवस्थापनका लागि व्यास नगरपालिकाको सहयोगमा तीन र केन्द्रबाट एक गरी चार जना कर्मचारी नियुक्त गरिएको छ । नगरपालिकाले परालका लागि मासिक रू पाँच लाख सहयोग गरिरहेको जनाइएको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४